नेपाली राजदूतावास
EMBASSY OF NEPAL
LONDON,U.K.

# राहदानी आवेदन सम्बन्धी जरुरी सूचना

यस राजदूतावासमा राहदानी आवेदन गर्ने प्रक्रिया, आवश्यक पर्ने कागजातहरु तथा Appointment Slot का सम्बन्धमा आवेदकहरुलाई थप प्रष्ट पार्न दिन यो सूचना जारी गरिएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिन्छ ।

१) अनिवार्य रुपमा अनलाइन राहदानी फाराम भरेर मात्र राजदूतावास आउने । अनलाइन राहदानी फाराम नभरेका आवेदकहरुलाई सेवा उपलव्ध गराइने छैन । यस राजदूतावासको वेवसाइट www.nepalembassy.gov.np/passport/ मा गएर राहदानी फाराम भर्न सकिने ।

२) राहदानी आवेदन फाराम भरी Appointment लिएर आफुलाई उपलव्ध भएको मिति र समयमा मात्र राजदूतावासमा आउनु पर्नेछ । राहदानी फाराममा केही त्रुटी भएमा राजदूतावासबाट सच्चाउन मिल्ने भएको हुँदा त्यसका लागि पुन: अर्को फाराम भरी अर्को Slot book नगर्ने ।

३) यस राजदूतावासबाट हरेक दिन विहान नयाँ Appointment slot हरु खोलिने गरिएकाले यथासमयमा नै राहदानी फाराम भर्ने । Appointment slot हरु एकदमै छिटो बुक हुने गरेकोले उक्त दिनमा फाराम भर्न नसक्ने आवेदकले अर्को दिनको लागि कुर्ने । त्यसको लागि राजदूतावासमा फोन तथा इमेल गर्न नपर्ने ।

४) राहदानीको म्याद १ बर्ष भन्दा कम भएपछि नवीकरणका लागि आवेदन गर्न सकिने भएको हुँदा आफ्नो आवश्यकता अनुसार यथासमयमा राहदानी नविकरणका लागि आवेदन दिने ।

५) i) तत्कालै भिषा नवीकरण गर्नुपर्ने अथवा कुनै Family emergency का कारणले कम्तिमा डेढ महिना पछि नेपाल जानु पर्ने आवेदकको हकमा तत्कालै यात्रा गर्नु पर्ने प्रमाणसहित यस राजदूतावासमा इमेल गरेमा, अगाडिको कुनै Appointment Slot खाली देखिएमा Appointment अगाडि सार्न सकिनेछ ।

ii) उक्त अवधि अगावै नेपाल जानुपर्ने आवेदकको राहदानी वहाल रहेमा सोही राहदानीबाट नेपाल यात्रा गरी नेपालबाटै राहदानी बनाई बेलायत आउन सकिने ।

iii) राहदानीको म्याद सकिएका आवेदकहरु तत्काले नेपाल जानुपर्ने भएमा एकतर्फी यात्रा अनुमति पत्र बनाई नेपाल जान सक्ने भएकोले उहाँहरु पनि नेपालबाट राहदानी बनाई बेलायत फर्कन सक्ने ।

६) राहदानी आवेदन गर्दा लाग्ने शुल्क यस राजदूतावासमा नै बुझाउनु पर्ने हुँदा आवेदन फाराम भर्दाका बखत अनलाइनबाट भुक्तानी गर्नु नपर्ने ।

१४ फेब्रुअरी २०२४
नेपाली राजदूतावास
लण्डन ।

EMBASSY OF NEPAL, 12A KENSINGTON PALACE GARDENS, LONDON W8 4QU
Tel: 020 7229 1594, Fax: 020 7792 9861 Email: consular@nepembassy.org.uk